का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० कात्तिक २०८०,
सोमबार
6 November 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक २७७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



भूकम्पमा परी आफन्त गुमाएकी पश्चिम रुकुमकी महिला। भूकम्पबाट १५७ जनाको मृत्यु भएको छ। तस्वीर: सिन्हा/रासस

# बाँच्नेहरुका सास्ती

भूकम्प गएको अर्को रात प्रभावितहरुले कष्टपूर्ण तरिकाले बिताए । भूकम्पले तीन हजार बढी घर भत्काउँदा र फेरि भूकम्प आउने भयमा रहेकाहरुले खुला आकाशमुनि अनेक समस्यासँग जुधिरहनु परेको छ ।

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १९ कात्तिक ।

गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयका अनुसार जाजरकोट र रुकुम पश्चिममा शनिवार गएको भूकम्पमा परेकाको उद्धार र मृतकको शव व्यवस्थापनको काम सकिएको छ। सिंगो राज्यको अबको ध्यान राहत र पीडितको व्यवस्थापनमा केन्द्रित भएको छ। यसका लागि संघीय सरकारले समेत आवश्यक निर्णयहरु लिएको छ।

तर, प्रभावितहरुको सामान्य हुन सकिरहेका छैनन्। भूकम्पको रात त्रसित प्रभावितको अर्को रात उस्तै कष्टप्रद रह्यो। अनेक अभाव झेल्दै गाँस, बास र कपासको जोहो नगरि धर छैन। बालबालिका र बृद्धबृद्धाको पीडा उस्तै छ। भूकम्पले घरहरू पूर्णरुपमा क्षति भएका कारण कैयन नागरिक सडक किनार र खुला आकाशै बस्न बाध्य छन्। र प्रभावितहरू राहतको पर्खाइमा छन्। एकातिर नदीको चिसो सिरेटो, अर्कातिर लत्ताकपडा भत्किएको घरभित्र छ। खाद्यान्न समेत घरसँगै पुरिँदा खानाको समस्या प्रभावितहरुलाई छ। संघीय सरकारले केही राहत सामाग्री पठाएको छ। भूकम्प प्रभावित क्षेत्रमा त्रिपाल, ब्ल्यांकेट र स्लिपिङ ब्यागहरु पठाएको हो। गृह मन्त्रालयका अनुसार जाजरकोट र रुकुम पश्चिममा त्रिपाल, ब्ल्यांकेट र स्लिपिङ ब्यागहरु पठाएको छ।

जजरकोटमा गृह मन्त्रालयले १०० थान ब्ल्यांकेट, १०० थान त्रिपाल र ५५० स्लिपिङ ब्याग पठाएको छ। सशस्त्र प्रहरी बलले ५ हजार थान त्रिपाल र ३५० थान ठूला टेन्ट पठाएको छ भने युनिसेफले ६८ थान त्रिपाल र ५ थान म्याट्रेस पठाएको छ।

रुकुम पश्चिममा गृह मन्त्रालयले १०० थान ब्ल्यांकेट, २२६ थान त्रिपाल र ५५० थान स्लिपिङ ब्याग पठाएको छ। सशस्त्र प्रहरीले ५ हजार थान त्रिपाल र ३५० थान टेन्ट पठाएको छ भने युनिसेफले ६६७ थान त्रिपाल पठाएको छ। मन्त्रालयका अनुसार प्रभावित क्षेत्रमा गएका उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा मन्त्री र सांसदहरूहरुको टोलीले एक हजार ५० थान स्लिपिङ ब्याग, २०२ त्रिपाल र १०० थान ब्ल्यांकेट समेत वितरण गर्ने छ।

## मृतक परिवारलाई २ लाख राहत

भूकम्पमा परी ज्यान गुमाएकाका परिवारले प्रतिमृतक २ लाख रुपैयाँ पाउने भएका छन्। आइतबार बसेको मन्त्रिपरिषद बैठकले प्रतिमृतक २ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको हो।

साथै, सरकारले छिमेकी लगायत मित्र राष्ट्र र अन्तर्राष्ट्रिय संघसंस्थाबाट औपचारिक रुपमा प्रस्ताव भएको सहयोग स्वीकार गर्ने तथा त्यस्तो सहयोगका लागि नेपाल सरकारबाट धन्यवाद ज्ञापन गर्ने निर्णय पनि गरेको छ।

प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गर्नेहरुलाई धन्यवाद दिँदै सहयोगका लागि अपिल गर्ने निर्णयसमेत गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले सूचना जारी गर्दै जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पपछि राहत, पुनर्स्थापना र घाइतेहरु उपचारका पृष्ठ २ मा

## एक वर्षभित्र पुन:निर्माण सक्ने लक्ष्य

संघीय सरकारले जाजरकोट र रुकुम पश्चिमका प्रभावित क्षेत्रमा एक वर्षभित्र भूकम्प प्रतिरोधात्मक संरचना बनाउने लक्ष्य राखेको छ।

सहरी विकास मन्त्रालयले जाजरकोटलाई आधार मानेर भूकम्पबाट क्षति भएका संरचनाहरुको पुन:निर्माण कार्य अघि बढाउने सरकारको निर्णय छ। मन्त्रिपरिषदको निर्णयमा भनिएको छ, 'पुन:निर्माण कार्य अघि बढाउँदा भूकम्प प्रतिरोधात्मक संरचना एक वर्षभित्र निर्माण गरिसक्ने।' शनिबार मध्यराती पृष्ठ २ मा



# सीमा नाघेका प्रसाईं

बैंकको ऋण तिर्न नपर्ने, साहुकरलाई मोसो दल्नुपर्नेजस्ता अभिव्यक्ति दिँदै आएका दुर्गा प्रसाईंलाई आफ्नै अभिव्यक्तिविरुद्धको उजुरीमा कानूनी लडाईं लड्नुपर्ने बाध्यता आइलागेको छ । सीमा नाघेका प्रसाईंसँग साइबर ब्यूरोले १५ मिनेट सोधपुछ गऱ्यो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ कात्तिक ।

नेपाल प्रहरीको साइबर ब्यूरोले मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग सोधपुछ गरेको छ। बैंकको ऋण नतिर्ने अभियान सञ्चालन गरेर विवादास्पद अभिव्यक्ति दिँदै आएका प्रसाईंलाई प्रहरीले आइतबार सोधपुछका लागि बोलाएको थियो। प्रहरीले बोलाएपछि उनी साइबर ब्यूरोमा उपस्थित भएका हुन्।

बैंकको ऋण तिर्न नपर्ने र माग्न आए साहुकरलाई मोसो दल्नुपर्ने जस्ता अभिव्यक्ति दिँदै आएका दुर्गा प्रसाईंलाई आफ्नै अभिव्यक्तिविरुद्धको उजुरीमा कानुनी लडाईं लड्नुपर्ने बाध्यता आइलागेको हो। सीमा नाघेका प्रसाईंसँग साइबर ब्यूरोले १५ मिनेट सोधपुछ गऱ्यो।

उनीमाथि बैंकको ऋण नतिर्ने अभियान सञ्चालन गरेर गैरकानुनी काम गरेको र केही विषयमा विवादास्पद अभिव्यक्ति दिएको आरोप छ। आफूले बैंक र सहकारीका कारण उठिबास हुन लागेका पीडितको पक्षमा बोले पनि मिडियाले गलत ढंगले प्रस्तुत गरेको उनको दाबी छ।

यही बेला सामाजिक सञ्जालमा 'नेपालीहरुको मुक्तिको दिन, भ्रष्टहरुको हाहाकार मंसिर ७ बिहीबार' लेखिएको व्यवसायी प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियानको पोष्टर प्रचारप्रसार भइरहेको छ। उनी पछिल्लो समय चर्चामा आउनुको अर्को कारण हो - एमाले अध्यक्ष केपी शर्मा ओलीको अर्बौं लगानी कम्बोडियाको टेलिकममा रहेको दाबी। यस्तो दाबीपछि एमाले पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# साउदीसँग श्रम सम्झौताका विषय अझै टुंगिएन



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ कात्तिक

साउदी अरेबियाको रियादस्थित नेपाली दूतावासले साउदीसँग नेपालले गर्ने श्रम सम्झौताका विषयहरूमा प्रगति भएको भन्दै केही विषय भर्चुअल बैठकले टुंगो लगाउने बताएको छ। साउदी सरकारका मानव स्रोत तथा सामाजिक विकास उप मन्त्री डा. अदनान अल नुआइम नेतृत्वको साउदी पृष्ठ २ मा

### भूकम्प प्रभावितका लागि संघ राहत संकलनमा

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले भूकम्पमा परेका पीडित परिवालाई राहत संकलन अभियान शुरुवात गरिएको बताएको छ। शुक्रबार राति ११:४७ बजे जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिम ठूलो जनधनको क्षति भएपछि विपत्तिमा परेकाहरूलाई तत्कालीन तथा दिर्घकालीन राहतका लागि सहयोग संकलन अभियान शुरू पृष्ठ २ मा

### विदेश जान नक्कली कागजात बनाउने गिरोह प्रहरीद्वारा सार्वजनिक

**काठमाडौं/मस–** प्रहरीले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृतिलगायतका नक्कली कागजात बनाउने कार्यमा संलग्न रहेको अभियोगमा पक्राउ परेकालाई आइतबार सार्वजनिक गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेका चार जनालाई राजधानीमा पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो। पृष्ठ २ मा

# निगरानीमा टिकटक प्रयोगकर्ता

निरन्तर निगरानी गरिरहेको सरकारले टिकटकमा पोष्ट हुने सामग्रीको नियमन गर्ने नीति लिने संकेत गरेको छ । गैरकानूनी सामग्री स्वत: हट्ने व्यवस्थाका लागि सरकारले तयारी अगाडि बढाएको हो ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १९ कात्तिक ।

टिकटक प्रयोगकर्ता सरकारको निगरानीमा पर्ने भएका छन्। यस अगाडि पनि निरन्तर निगरानी गरिरहेको सरकारले टिकटकमा पोष्ट हुने सामाग्रीको नियमन गर्ने नीति लिने संकेत गरेको छ। गैरकानूनी सामग्री स्वत: हट्ने व्यवस्थाका लागि सरकारले तयारी अगाडि बढाएको हो। यस अन्तर्गत सरकारले चार्चित एप टिकटकका अन्तर्राष्ट्रिय प्रतिनिधिहरुसँग छलफल गरेको छ।

टिकटक दुरुपयोग गरेर हालिने यस्ता सामग्रीलाई हटाएर शान्ति सुव्यवस्था र समाजिक सद्भाव कायम राख्न सहयोग गर्न आग्रह गरिएको गृह मन्त्रालयले जनाएको छ। दोषीउपर कानुन बमोजिम कारवाही गर्न नेपाल प्रहरीको साइवर व्युरो लगायत सरकारी निकाय र सिंगापुरस्थित टिकटकको कार्यालयबीच सहकार्य बढाउने सहमति पनि भएको छ।

छलफलबाट टिकटकमार्फत सामाजिक सद्भाव बिगार्ने, घृणा तथा विद्वेष फैलाउने, विशिष्ट व्यक्तिहरुको मानमर्दन गर्ने, जातीय, धार्मिक, सामाजिक सद्भाव बिगार्ने र अश्लील खालका गतिविधि तथा सामग्रीहरु हटाउन र त्यस्ता कार्य गर्ने व्यक्तिहरु पत्ता लगाई कानूनी कारवाहीको दायरामा ल्याउन सहज हुने भएको गृह मन्त्रालयका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए। पृष्ठ २ मा

## मृतक...

लागि सहयोग गर्न चाहानेहरुसँग आर्थिक सहयोग आह्वान गरेको हो।

भूकम्पबाट क्षति भएका सडक, सन्चार लगायतका संरचना तत्काल मर्मत सम्भार गरी सन्चालनमा ल्याउने व्यवस्था सम्बन्धित निकायले गर्ने निर्णय गरेको छ। पुनर्निर्माणमा एकीकृत कार्ययोजना बनाई व्यवस्थित गर्ने निर्णय पनि नेपाल सरकार मन्त्रिपरिषद बैठकले गरेको छ।

भूकम्प पश्चात खोज, उद्धार र राहतमा खटिएका सरकारी निकाय, स्थानीय तह, प्रदेश सरकार, व्यक्ति एवम संघसंस्थालाई विशेष धन्यवाद दिँदै जिल्ला विपद व्यवस्थापन समितिसँग समन्वय गरी त्यसलाई निरन्तरता दिन आग्रह गर्ने निर्णय पनि मन्त्रिपरिषद बैठकले गरेको छ।

## एक...

जाजरकाट र रुकुम पश्चिममा गएको ६.४ म्याग्निच्युडको भूकम्प ठूलो मात्रामा घरहरु भत्किएका छन्। पुन:निर्माण बेलासम्मका लागि भूकम्पबाट आवास क्षति भएका परिवारलाई अस्थायी बसोबासको लागि टहराहरु निर्माण गर्ने पनि सरकारको निर्णय छ।

सावधानीका निमित्त भूगोलको अध्ययनका आधारमा आगामी दिनमा वस्ती विकास गर्ने व्यवस्था मिलाउने र विपद् प्रभावितहरुका लागि आवश्यक पर्नसक्ने राहत तथा उद्धार सामग्रीहरुको पूर्वतयारी स्वरुप मौज्दात राख्ने पनि सरकारको निर्णय छ।

## सीमा...

कार्यकर्ताहरु प्रसाईंविरुद्ध सामाजिक सञ्जालमा भिडिरहेका छन्। प्रसाईंका गतिविधिविरुद्ध एमालेको युवासंघ प्रतिकारमै उत्रिएको छ। प्रसाईंले नागरिकहरुलाई मंसिर ७ गते काठमाडौँमा भेला हुन अपिल जारी गर्दै त्यसको तयारीस्वरुप कात्तिक १८ गते काठमाडौँको गोंगबुबाट मोटरसाइकल र्‍याली निकाले। केही समय अगाडि झापामा एमाले नेता महेश बस्नेत सहभागी कार्यक्रममा एमाले नेता तथा कार्यकर्ताका सवारी साधनमा आक्रमण र तोडफोड गर्न लगाए। मारवाडी समुदायमाथिको आक्षेप लगाए।

प्रसाईंको अराजकताले सीमा नाघेको भनी एमाले निकट युवा संघ प्रतिरोधमा उत्रिएको हो। प्रसाईंले मंसिर ७ मा कार्यक्रम राखेपछि युवा संघले पनि सोही दिन काठमाडौँमा कार्यक्रम राखेको छ।

प्रसाईं सुरुमा कांग्रेस समर्थक थिए। त्यसपछि माओवादी हुँदै एमाले भएका थिए। उनका हाल बिर्तामोड नगरपालिका-५ मा दुईवटा विशाल भवनमा बीएण्डसी अस्पताल चलिरहेको छ। सामान्य परिवारमा जन्मिएका उनी साधारण लेखपढवाला हुन्। तर, झापामै उनी मेडिकल व्यावसायीका रुपमा उदाएका व्यक्ति हुन्।

एसएलसीभन्दा कमै पढेका भए पनि प्रसाई कुनै समय ग्रिल फ्याक्ट्रीमा समेत काम गर्थे। पैसा कमाउन भन्दै युरोप पनि गए। विदेश गएर भैंसी फार्ममा काम गरेको अनुभव हासिल गरेर आएको भन्दै बताउने उनले नेपाल फर्किएपछि व्यवसायिकरुपमा भैंसी पाल्न सुरु थाले। पछि भैंसी पाल्न छोडेर बीएण्डसी अस्पताल चलाएका हुन्। पछिल्लो समय फेरि ऋण तिर्न नसकेर अराजक भएको कतिपयको टिप्पणी छ।

## साउदीसँग...

टोलीसँग साउदीका लागि नेपाली राजदूत नवराज सुवेदी नेतृत्वको नेपाली टोलीबीच भएको द्विपक्षीय छलफल विशेषत: नेपाल र साउदीबीच श्रम सम्झौता गर्नका लागि प्रस्तावित मस्यौदाका विषय वस्तुबारे दृष्टिकोण आदानप्रदान भएको दूतावासले बताएको छ।

केही विषयमा सहमति भएको र सहमति हुन बाँकी विषयलाई भर्चुअल बैठकबाट सहमतिमा पुर्‍याउने निर्णय भएको नेपाली दूतावासले जनाएको छ। के-के विषयमा सहमति भयो भन्नेबारे दूतावासले सार्वजनिक गरेको छैन। जनरल वर्कर अर्थात साउदी श्रम कानूनअनुसार समेटिने कामदार र साउदीले जनरल वर्करसँगै घरेलु कामदारसम्बन्धी सम्झौता पनि गर्न चाहेकोले थप छलफल गरिने बताइएको छ।

साउदीसँगको श्रम सम्झौतालाई टुंगोमा पुर्‍याउने उद्देश्यसहित नेपालबाट वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दहाललगायतको टोली साउदीको भ्रमणमा गएको हो। साउदी पक्षसँग वार्ता भएपछि नेपाली टोलीले त्यहाँ कार्यरत नेपाली कामदारले भोगेका समस्याहरुबारे प्रत्यक्षरुपमा बुझेको नेपाली दूतावासले बताएको छ।

दूतावासले आयोजना गरेको श्रमिकका समस्यासम्बन्धी अन्तरक्रियामा नेपाली टोली सहभागी रहेको थियो। अन्तरक्रियामा दूतावाससहित नेपाली महावाणिज्यदूतावास जेद्दा, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, वैदेशिक रोजगार बोर्ड, गैरआवासीय नेपाली संघ, साउदी अरबमा कार्यरत नेपालका विभिन्न राजनीतिक दलका भ्रातृ संघसंस्था, सामाजिक तथा जातीय संस्थाका प्रतिनिधि सहभागी रहेका थिए।

त्यस अवसरमा गैरआवासीय नेपाली संघ साउदी अरबले श्रमिकका समस्या समेटेर वैदेशिक रोजगार विभागका महानिर्देशक दहालमार्फत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई ज्ञापनपत्र बुझाएको छ।

अन्तरक्रियामा उठेका जिज्ञासाको जवाफमा विभागका महानिर्देशक, जेद्दास्थित कन्सुलेटका कार्यवाहक महावाणिज्यदूत, बोर्डका निर्देशक, संघका अध्यक्ष, गैरआवासीय नेपाली संघका मध्यपूर्व संयोजकले जवाफ दिएको नेपाली दूतावासले जनाएको छ। अधिकारीहरूले अन्तरक्रियामा उठेका प्रश्नको जवाफमा साउदी अरेबियाको विशाल भूगोल, रोजगारदातामैत्री साउदी श्रम कानून, नेपाली दुतावासको सीमित स्रोतसाधनका बीच स्थानीय संघसंस्थासँग समन्वयात्मकरुपमा काम गरेको जानकारी दिएको दूतावासको विज्ञप्तिमा उल्लेख छ।

नेपाली टोलीले कात्तिक १७ गते नेपाली श्रमिकले काम गर्ने सप्लाई कम्पनीको बासस्थानको स्थलगत भ्रमण गरी उनीहरूलाई रहेका समस्याबारे जानकारी लिएको पनि दूतावासले जनाएको छ।

यस्तै नेपाली प्रतिनिधिमण्डल जेद्दास्थित नेपाली महावाणिज्यदुतावासले सो क्षेत्रमा कार्यरत श्रमिक तथा गैरआवासीय नेपाली संघ तथा विभिन्न संघसंस्थासँग आयोजना गरेको अन्तरक्रियामा सहभागी भएको छ। अन्तरक्रियामा सहभागी संघका महासचिव मेघनाथ भुर्तेलले साउदमा सबैतिर प्राय: एकै प्रकारका समस्या रहेको पाइएको मध्याह दैनिकलाई जानकारी दिए।

## भूकम्प...

गरिएको संघका कार्यवाहक अध्यक्ष डिक बहादुर खत्री 'कुमार'ले बताए।

कार्यवाहक अध्यक्ष खत्रीले व्यवसायीबाट संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत राहत संकलन गरी नेपाल सरकारको राहत कोषमा हस्तान्तरण गरिने योजना रहेको बताए। संघले भूकम्प प्रभावित क्षेत्रमा प्रभावकारी उद्धार तथा राहतका लागि आर्थिक सहयोग संकलन तथा अन्य आवश्यक कार्यमा यथाशक्य छिटो जुट्न सबै व्यवसायीहरुलाई आग्रहसमेत गरेको छ।

## विदेश...

उनीहरुलाई टोखा र स्वयम्भूमा सञ्चालित कारखानामा छापा मारी पक्राउ गरिएको जानकारी प्रहरीले दिएको छ। नवलपुर मध्यविन्दु नगरपालिका-५ घर भएका ४५ वर्षीय जयराम श्रेष्ठ, गोरखा सिरान चोक गाउँपालिका-८ घर भइ हाल टोखा बस्ने ३४ वर्षीय भक्तबहादुर थापा, काठमाडौं महानगरपालिका-१ नक्साल बस्ने ३८ वर्षीय दीपक केसी र सल्यान रामपुर कालिमाटी गाउँपालिका-३ घर भइ हाल काठमाडौं नागार्जुन नगरपालिका-इचंगुनारायण बस्ने ४२ वर्षीय बलबहादुर रावत रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी नायब उपरीक्षक गोविन्द पन्थीले जानकारी दिए।

नायब उपरीक्षक पन्थीका अनुसार विदेश जान लागेका व्यक्तिका कागजात शंकास्पद रहेको भनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट कात्तिक १२ गते पठाइएका कागजातमध्ये सुजल हेङगजुको नामको श्रम स्वीकृति नक्कली देखिएकोमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरी टोलीले उक्त कागजात बनाउने कार्यमा संलग्न रहेको अभियोगमा पक्राउ गरिएको थियो।

हालसम्म नौ जनालाई पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ। उनीहरूमध्ये सल्यान घर भएका बलबहादुर रावतले टोखामा फ्ल्याट भाडामा लिएर कारखाना सञ्चालन गरेको पाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए। विदेश जाने हिँडेकाहरूमध्ये कतिपय खाडीका कतार, यूएई जस्ता देश र कतिपय रूस जाने योजनामा रहेको प्रहरीले बताएको छ।

प्रवक्ता रेग्मीका अनुसार स्वयम्भूमा दीपक केसीले प्लसटुको नक्कली कागजात बनाउने कारखाना नै सञ्चालन गरेका थिए। उनीहरुले प्रहरी रिपोर्ट, श्रम स्वीकृति, प्लसटुको सर्टिफिकेट र नाता प्रमाणित पनि नक्कली बनाउने गरेको प्रहरीको अनुसन्धानबाट थाहा भएको प्रवक्ता रेग्मीले बताए। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी नायब उपरीक्षक पन्थी नेतृत्वको टोलीले लामो अनुसन्धानपछि उनीहरुलाई पक्राउ गर्न सफल भएको बताइएको छ।

## निगरानीमा...

'अत: जिम्मेवार नागरिकको रुपमा कानुनसम्मत शिक्षामूलक र सामाजिक सद्भाव नबिगार्ने सामग्री मात्र प्रकाशन, प्रसारण गरी असल नागरिकको भूमिका निर्वाह गर्न र गैरकानुनी कार्य गरेवापत हुने कानूनी कारबाहीबाट बच्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ', गृह मन्त्रालयको विज्ञप्तिमा भनिएको छ।

टिकटकका प्रतिनिधिहरुसँग गृह मन्त्रालयमा भएको बैठकमा गृह मन्त्रालयसहित सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सुरक्षा निकाय लगायतका सरकारी निकायका प्रतिनिधिहरु सहभागी थिए।

टिकटक लगायतका सामाजिक सञ्जालको मर्यादित र कानुनसम्मत प्रयोगले नयाँ कुराहरु जानकारी लिन दिन र सामाजिक सम्पर्कमा रहन सहयोग पुर्‍याउने भन्दै गृह मन्त्रालयले गलत सामग्रीले व्यक्ति तथा समाजलाई नकारात्मक प्रभाव पर्ने, व्यक्तिको चरित्र हत्या गर्ने, शान्ति सुरक्षाको अवस्था बिगार्ने, जातीय, भाषिक, धार्मिक सदभाव खल्बल्याउने र राष्ट्रिय एकता तथा राष्ट्रहितमा प्रतिकूल असर पार्ने लगायतका दुष्प्रभाव सिर्जना गर्नेतर्फ सचेत गराएको छ।

# 'चुरे क्षेत्रलाई मरुभूमिमा परिणत हुन दिँदैनौं'

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ कात्तिक



जनता समाजवादी पार्टी नेपालका अध्यक्ष सांसद उपेन्द्र यादवले मधेश प्रदेशमा अवस्थित चुरे क्षेत्र, वन जंगल तथा उद्योग, कलखानाहरु भोलीको दिनमा मरुभूमिमा परिणत हुन नहुने बताएका छन्।

जनता समाजवादी पार्टी नेपाल गाउँपालिका कार्य समितिले यमुनामाई गाउँपालिकामा आयोजना गरेको शुभकामना आदान-प्रदान तथा संगठन विस्तार कार्यक्रममा उनले यस्तो प्रतिबद्धता जनाएका हुन्।

आँउदो दिनमा मधेश प्रदेशमा सिंगो सरकार जनता समाजवादी पार्टी नेपालको रहने उनले बताए। स्वास्थ्य, शिक्षाको क्षेत्रमा मधेश प्रदेश सबभन्दा बढी लथालिङ्ग रहेको उनले जिकिर गरे।

---

### उदयपुर जिल्ला अदालतवाट जारी भएको जिल्ला उदयपुर साविक त्रियुगा वडा नं. २ सनुवा गाउँ बस्ने विनोद विश्वकर्माकी छोरी मिश्रीलाल की बुहारी सन्तोष पत्नी निरू खातीको नाउँमा जारी भएको १५ (पन्ध्र) दिने सूचना म्याद ........................ ।

उप्रान्त वादी जिल्ला उदयपुर साविक त्रियुगा वडा नं. २ हाल परिवर्तित वडा नं. ११ बस्ने डिल्ली बहादुर कटुवाल तथा प्रतिवादी तपाई भएको लेनदेन मुद्दामा श्री उदयपुर जिल्ला अदालतको मिति २०८०/०३/२७ गतेको फैसलाले वादीले प्रतिवादीबाट साँवा रु.२,००,०००।- (दुई लाख रुपैयाँ) तथा सोको लिखत मिति देखी भरीभराउ हुँदा सम्मको कानून वमोजिम हुने व्याज एवं अदालती शुल्क समेत भराई पाउने ठहरी फैसला भएको हुँदाँ तपाईको नाममा १५ दिने सूचना म्याद जारी गरिएको छ। तपाईले यो म्याद बुझिलिएको वा कानूनको रीत पुर्‍याई पत्रिकामा प्रकाशन भएको मितिले बाटाको म्याद वाहेक १५ दिन भित्र वादीको विगो लिई यस अदालतमा उपस्थित हुन आउनु वा आफ्नो कानून व्यवसायी वा वारिस मुकरर गरी पठाउनु होला। अन्यथा कानून वमोजिम हुनेछ। पछि तपाईको कुनै उजुर वाजुर लाग्ने छैन।

इति सम्वत् २०८० साल ०७ महिना १९ गते रोज १ शुभम् ..

---

### भुलसुधार गरिएको सूचना

मिति २०८० कार्तिक १९ गते यस दैनिकमा प्रकाशित श्री गतिशिल सामुदायिक वन उपभोक्ता समुह, मोहन्याल गा.पा.-१, कैलालीको काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचनामा डि.व.का. पहलमानपुर, कैलाली हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६५/१०/१३ मा दर्ता भएको **प्रा.लि. नं. ५९९०९** को **मुनाल फ्युचर लाइफ बोर्डिङ्ग स्कूल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०७/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

# Shikhar Municipality
# Office of the Municipal Executive
**Talkot, Doti**

## Invitation for Online Bid

**(Notice No: 03/080/81)**
**Date of First Publication: 2080-07-19 (5th Nov, 2023)**

1. Shikhar Municipality Talkot, Doti invites bids from eligible bidders for following works:

| S. N. | Contract Identification Number | Description of Works | Bid Security Validity Period | Estimated Cost (NRs.) Without VAT & PS | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 08-080/81/NCB /SMDOTI | Seti Naadi Balyagada Lift Water Supply Project Construction Works Shikhar-11, Doti | 90 Days | 42,01,178.22 | 1,25,000.00 | 3,000.00 |

2. Purchase, Submission and Opening:

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | Bidders may download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above. |
| 04/12/2023 | 17:00 | 05/12/2023 | 12:00 | 05/12/2023 | 14:00 | |

3. Revenue Details:

| Account holder's Name | Bank Name and Address | Office Code | Account Number | Revenue Heading No. |
|---|---|---|---|---|
| Shikhar Municipality Office Talkot, Doti | Everest Bank Ltd Shikhar, Doti | 801077102 | 06600106200001 | 06600106200001 |

4. Bid Security Details:

| Account Holder's | Name Bank Name and Address | Office Code | Account Number |
|---|---|---|---|
| Shikhar Municipality Office Talkot, Doti | Everest Bank Ltd Shikhar, Doti | 801077102 | 06600106200002 |

5. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Shikhar Municipality Talkot, Doti.
6. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation 2064 and other prevailing rules and regulation of Nepal.

---

### कुमारी बैंक लिमिटेड शाखा कार्यालय बैतडीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०७/२० गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बैतडीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० मंसिर ०५ गते मंगलबार**का दिन शाखा कार्यालय बैतडीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**ऋणीको विवरण:**
प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय बैतडीमा मिति २०६६/०१/०६ मा दर्ता नं.२३६/०६५/०६६ कायम भई बैतडी जिल्ला, बासुलिंग वडा नं. ०५ हाल बैतडी जिल्ला, सुर्नया गा.पा. वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री न्यु वाशुलिंग जनरल स्टोर** (प्रोप्राईटर महाविर पाण्डेको नाति, दशरथ पाण्डेको छोरो, भाना देवी पाण्डेको पति कञ्चनपुर जिल्ला, रा.वि. गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०३ वस्ने **मान बहादुर पाण्डे**, (ना.प्र.नं. ७७५४५०६७, जारी मिति २०४०/०१/१८,जिल्ला प्रशासन कार्यालय कञ्चनपुर)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**
१. महाविर पाण्डेको नाति, दशरथ पाण्डेको छोरो, भाना देवी पाण्डेको पति कञ्चनपुर जिल्ला, रा.वि. गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०३ बस्ने **मान बहादुर पाण्डे** (ना.प्र.नं. ७७५४५०६७, जारी मिति २०४०/०१/१८, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर)।
२. धन सिंह विष्टकी छोरी, दशरथ पाण्डेकी बुहारी, मान बहादुर पाण्डेकी पत्नी बैतडी जिल्ला, दुर्गाभवानी गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०३ वस्ने **भाना देबी पाण्डे** (ना.प्र.नं. ७३-०१-७२–००५२४, जारी मिति २०७२/०२/२२, जिल्ला प्रशासन कार्यालय बैतडी)।

**संस्थागत जमानीकर्ताहरुको विवरण**
१. औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १५ बमोजिम दशरथचन्द नगरकार्यपालिका उद्योग विकास शाखा बैतडीमा मिति २०७४/११/१५ मा दर्ता नं.६४५/२२८/०७४/०७५ कायम भई बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **वाशुलिङ्ग मसला उद्योग**।
२. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय बैतडीमा मिति २०७५/०३/३२ मा दर्ता नं.७१८/३०१/०७४/०७५ कायम भई बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **करिस्मा बाख्रा तथा कुखुरा पालन फर्म**।

**लिलाम हुने सम्पत्तिको विवरण:**
१. **मान बहादुर पाण्डे**को नाममा मालपोत कार्यालय, धनगढी कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, भजनी न.पा., वडा नं. ०२ स्थित कित्ता नं. ९१६ को क्षेत्रफल १५२३.८८ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

**शर्तबन्देजहरु:**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० मंसिर ०४ गते** भित्र बैंकको शाखा कार्यालय बैतडीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बैतडीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० मंसिर ०५ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बैतडीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बैतडीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० मंसिर ०५ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय बैतडी फोन नं.०९५-५२०५४६/५२०५४७**

---


## मलेसियामा रोजगार

**कम्पनी: HOI HEN SEAFOOD (M) SDN BHD**
**शहर: Jalan**

पूर्व स्वीकृत मिति: २०८०/०२/११ | चलानी नं.: ६०२०१९५८ | LT. No.:286582 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रु. | | | | | | | |
| 1. | Factory Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कातिक २७ गते (13 November 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Lic. No. 1211/073/074

**आशिर्वाद ओभरसिज प्रा.लि.**
बसुन्धारा, काठमाडौं, नेपाल
www.aashirbadoverseas.com | aashirbadovs@gmail.com
01- 4384630 | 4384094 | 4385038 | 9851067351 | 9851095529

जाजरकोट भूकम्प

# मृतकको शव परिवारलाई बुझाइयो, घाइतेको उपचार जारी



**काठमाडौं/मस**-गृह मन्त्रालयले जाजरकोट र रुकुम पश्चिममा भूकम्पमा परी मृत्यु भएका एक सय ५७ जनाको शव सनाखत गरी आफन्तलाई बुझाएको छ।

मन्त्रालययका प्रवक्ता नारायणप्रसाद भट्टराईले खोज, उद्धार तथा राहत व्यवस्थापनमा सरकारका सबै निकाय सक्रिय रहेका जानकारी दिँदै घाइतेहरु उपचारपछि घर फर्कन थालेका बताए।

प्रवक्ता भट्टराईका अनुसार भूकम्पमा परी ९९ महिला र ५८ पुरुषको मृत्यु भएको छ। जाजरकोटमा ७२ महिला र ३३ पुरुष गरी एक सय पाँच तथा रुकुम पश्चिममा २७ महिला र २५ पुरुष गरी ५२ जना रहेका छन्। भूकम्पमा घाइते दुई सय ५६ मध्ये एक सय ४६ जना उपचारपछि घर फर्किएका छन् भने एक सय १० जना उपचाररत छन्। यसैबीच, प्रहरी प्रधानकार्यालयले जाजरकोट भूकम्पमा अहिलेसम्म नौ सय १० वटा घरमा पूर्ण क्षति भएको छभने दुई हजार आठ सय ६१ घरमा आंशिक क्षति भएको छ।

**घाइतेको उपचार जारी**

जाजरकोट भूकम्पमा परी घाइते भएकाहरू काठमाडौंलगायत विभिन्न स्थानका अस्पताल भइरहेको छ।

सशस्त्र प्रहरीले आइतबार बिहान उपलब्ध गराएको विवरणअनुसार काठमाडौंको महाराजगन्जस्थित त्रिवि शिक्षण (टिचिङ) अस्पतालमा रुकुम पश्चिमका ८ घाइतेको उपचार भइरहेको छ। यस्तै नेपालगन्जस्थित भेरी अस्पतालमा ३८ जना घाइते उपचाररत छन्। जसमा जाजरकोटका २६, रुकुम पश्चिमका घाइते ११ र सल्यानको घाइते १ घाइते छन्।

यसैगरी सुर्खेतस्थित कर्णाली प्रादेशिक अस्पतालमा भूकम्पमा परी घाइते भएका २७ जनाको उपचार भइरहेको छ। जसमा जाजरकोटका १६ र रुकुम पश्चिमका ११ जना घाइते रहेको सशस्त्र प्रहरीले जनाएको छ।

यस्तै जिल्ला अस्पताल जाजरकोटमा जम्मा १९ जना घाइते उपचाररत छन्। जसमा जाजरकोटका घाइते ६ र रुकुम पश्चिमका घाइते १३ जना छन्।

जिल्ला अस्पताल रुकुममा भूकम्पका १३ जना घाइतेको उपचार जारी छ। जसमा सबै जना रुकुम पश्चिमकै छन्।

## गढीमाई क्षेत्रमा चिडियाखाना स्थापना गरिने



**बारा/मस**- महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र यादवको विशेष पहलमा विश्व प्रसिद्ध गढीमाई क्षेत्रमा आन्तरिक तथा बाहिर पर्यटक भित्र्याउनका लागि चिडियाखाना स्थापना हुने भएको छ।

महागढीमाई नगरपालिकाले बन्यजन्तुलाई पालन गरेर चिडियाखानाको रुपमा स्थापना गर्न गरेको निर्णय अनुसार वन तथा वातावरण मन्त्रालायले पर्सा राष्ट्रिय निकुञ्जलाई एकिन राय उपलब्ध गराउन र नगरपालिकामा व्यवस्थापन गर्न परिपत्र गरेका छन्। संघीय सरकार तथा प्रदेश सरकारबाट विश्व प्रसिद्ध गढीमाई क्षेत्रमा आन्तरिक तथा बाहेर पर्यटक भित्र्याउनका लागि पछिलो समयदेखि कुनै किसिमको पहल नभएपछि महागढीमाई नगरपालिकाले आफ्नै लगानीमा चिडियाखाना स्थापना गर्न लगेका छन्। चिडियाखानामा हात्ती, चित्तल, जरायो, मृग, खरायो, दुम्सी, कछुवा, मैना र सुगा लगायत अन्य बन्यजन्तु राखिने छ। गढीमाई मन्दिरमा आउने दर्शनार्थी र पर्यटकहरुले चिडियाखानाका विभिन्न बन्यजन्तुलाई हेर्न पाउने र हात्तीमा सवार भएर गढीमाई क्षेत्रको परिक्रमा गर्ने व्यवस्था रहने नगरप्रमुख उपेन्द्र यादवले बताए।

मन्दिर क्षेत्रलाई थप विकासका लागि अधुरो सूर्य मन्दिर निर्माण, पोखरी वरिपरि कम्पाउण्ड निर्माण, चौतर्फी पक्की सडकको निर्माण अगाडि बढ्ने नगरप्रमुखले बताए।

विश्व प्रसिद्ध गढीमाई क्षेत्रलाई सुन्दर्यकरण बनाउनका लागि नगरपालिकाले गढीमाई मन्दिर वरिपरि झुपडीमा रहेका जथाभावी पसललाई सटर बनाएर व्यवस्थापन गरिएको छ। आन्तरिक तथा बाहेर दर्शनार्थी पर्यटक बसाईंका लागि प्रदेश सरकारको सहयोगबाट निर्माण भएको सुविधा सम्पन्न विवाह मण्डप होटल, चुरे संरक्षणको सहयोगमा पिक्निकस्थल महागढीमाई नगरपालिकाको आर्थिक सहयोगमा गढीमाई मन्दिरको वरिपरि सधैं सरसफाइ, मन्दिरको वरिपरि पक्की सडक ब्लक, डिलक्स शौंचालय, सडकको दुवै छेउमा नेपालको झण्डा, पार्किङको व्यवस्था र गढीमाई मन्दिरमा पेन्ट पोचारा र मन्दिरमा झालर बत्ती लगाएर मन्दिरलाई चिटिक्क रङ्गीचङ्गी बनाइएको छ।


### Mathagadhi Rural Municipality
### Office of the Rural Municipal Executive
**Jhadewa, Palpa**
**Lumbini Province, Nepal**

## Invitation for Bids

**Notice No :- 3/2080-81**
**First Date of Publication:- 2023-11-06 AD**

1. **Mathagadhi Rural Municipality, Office of the Rural Municipal Executive** invites only electronic bids for eligible bidders for construction of following Works under National competitive bidding - Single Stage Single Envelope procedures. Bidders may obtain further information from the PPMO web portal **www.bolpatra.gov.np/egp.**

| Contract Identification No. | Description of Work | Estimated Cost (without VAT) | Last date & time for bid submission | Last date & time for bid Opening | Bid Security Amount | Fee for Bidding Document |
|---|---|---|---|---|---|---|
| MRM/RD/NCB/WORKS/2080-81/06 | Asphalt Concrete work (Sarai-Aghani-Biskundanda-Silangi), Mathagadhi-03, Kaseni, Palpa | 9730595.16 | 2023-12-06 12:00 PM | 2023-12-06 01:00 PM | 3,00,000 | 3000 |

2. Bidder may download the bidding documents and submit their bids electronically through www.bolpatra.gov.np/egp as specified in the Bid document.

**Chief Administrative Officer**
**Mathagadhi rural Municipality office**



# VACANCY
ANNOUNCEMENT

One of the reputed Manpower organization, is opening the vacancy notice for interested candidates on the following positions.

**1) Receptionist (Female) - 1**

**Experience:** 1 Year of previous experience in a receptionist or customer service role is preferred.
**Minimum Qualification:** 10+2 in management.
**Skills:** MS Word, Excel, Typing in Both Nepali & English, Communication, Filling Managing Phone Calls: Appointment Scheduling: Providing Information and Assistance: Communication Handling: Strong verbal and written communication skills. Proficiency in using office equipment (e.g., phone systems, printers, copiers).

**2) Documentation Officer (Female) - 2**

**Experience:** 1 Year of previous experience in a receptionist or customer service role is preferred.
**Minimum Qualification:** 10+2 in management.
**Skills:** MS Word, Excel, Typing in Both Nepali & English, Communication, Filling Managing Phone Calls: Appointment Scheduling: Providing Information and Assistance: Communication Handling: Strong verbal and written communication skills. Proficiency in using office equipment (e.g., phone systems, printers, copiers).

**3) Accountant (Male/Female) - 1**

**Experience:** Typically requires 1-2 years of relevant accounting experience.
**Minimum Qualification:** 10+2 in Management or a related field.
**Skills:** MS Word, Excel, experience of accounting software/Tally, Cash mangement, Financial Reporting, Reconcile bank statements, accounts receivable, and accounts payable to ensure accuracy and integrity of financial data, Tax Compliance, Must be 2 Wheeler license.

**4) Secretary (Female) - 1**

**Experience:** 2 Years of proven experience as a secretary, administrative assistant, or in a similar role.
**Minimum Qualification:** Bachelor in management or relevant course.
**Skills:** MS Word, Excel: Excellent written and verbal communication skills both in English & Nepali: Typing in both Nepali & English: Document Handling: Co-ordinating and scheduling meetings, appointments, and travel arrangements for staff members: Answering, screening, and directing phone calls and emails to appropriate parties: Greeting visitors and directing them to the appropriate person or department: Managing calendars and keeping track of important dates and deadlines: Taking minutes during meetings and distributing them to relevant parties: Coordinating logistics for meetings, including room setup and catering: Ensuring the office environment is clean, organized, and conducive to productivity.

**Send us your CV @ document@bluecean.com.np**

**ब्लू ओसियन ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८६४/०६६/०६७
पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल
फोन: ४९५१७३२, ४९६५८२६, फ्याक्स: ४३६४५७३
www.blueocean.com.np



## UAE मा रोजगार | कम्पनी : CLEANER GENERAL CLEANING AND MAINTENANCE
शहर : ABU DHABI

पूर्व स्वीकृत मितिः २०७९/०९/०८ चलानी नं.: ६०१९३७३१ LT. No.: 278168 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 26 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 15 | | 900 | ३२,५८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक २६ गते (13 November 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061-590070 | 590071 | 9856036098, Chitwan : 056-595592 | 9802909595,
Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051



## साउदीमा रोजगारको अवसर | कम्पनी: SAUDI MANPOWER SOLUTIONS CO.
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०४/१६ चलानी नं.: ६०२०५४८९ L.T. No.: 290206 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Workshop Worker | 2 | 0 | | 1000 | ३५,४४० | | | | | | | |

२. कम्पनी: SAUDI MANPOWER SOLUTIONS CO. शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०३/१० चलानी नं.: ६०२०३७१६ L.T. No.: 288401 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | KITCHEN WORKER | 1 | 0 | | 1000 | ३५,४४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कात्तिक २७ गते (13 November 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com



## बेलडाँडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बेलडाँडी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## विद्यालयहरुको लेखा परीक्षण गर्ने कार्यका लागि दरखास्त आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०७/२०**

बेलडाँडी गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक र संस्थागत विद्यालयहरुको आर्थिक वर्ष २०७९/०८० को लेखा परीक्षण गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) मा दर्ता भइ यस आर्थिक वर्षका लागि नवीकरण भएका इच्छुक लेखा परीक्षकहरुबाट तपशिलका कागजातसहित सूचना प्रकाशन भएको मितिले १५ दिनसम्म कार्यालय समयभित्र दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. लेखा व्यवसायी फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
२. आ व २०८०/०८१ का लागि फर्म नवीकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३. स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
४. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
५. नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
६. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता लिएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
७. कुनै लाभको पदमा बहाल नरहेको स्व-घोषणा पत्र

**प्रमुख प्रशासकीय अधिकृत**




मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२० कात्तिक २०८०, सोमबार
6 November 2023, Monday

सम्पादकीय

## विगतको सिकाइ

जाजरकोटको रामीडाडाँ केन्द्र भएर शुक्रबार मध्यराति गएको भूकम्पबाट कयौं गाउँ शोकमग्न बनेको छ । भूकम्पमा परी ज्यान गुमाउनेहरूको सामूहिक दाह संस्कारको दृष्य हेर्न कठिन पर्छ । विशेषगरी जाजरकोट र पश्चिमका केही गाउँपालिकामा ठूलो मानवीय क्षति भएको छ । गृह मन्त्रालयले दिएको जानकारी अनुसार १५७ जनाको भूकम्पमा परी मृत्यु भएको छ । घाइते संख्या अढाइ सय बढी छन् । घाइतेहरूको काठमाडौं, नेपालगञ्ज, सुर्खेत, दाङ लगायतका अस्पतालमा उपचार भइरहेको छ । भूकम्प गएको दोस्रो दिनसम्म संकलित विवरण अनुसार, झण्डै तीन हजार घरमा क्षति पुगेको छ । जसमध्ये ९१० वटा घर पूर्ण रूपमा भत्किएको गृह मन्त्रालयले जनाएको छ । अर्थात् तत्काललाई बस्न पनि तीन हजार घरपरिवारले खुला आकाशको साहरा लिनु परिरहेको छ ।

पराकम्पको भयले घरमा क्षति नपुगेकै मानिसहरू पनि खुला आकाशमुनि बसिरहेका छन् । भूकम्पमा आफन्त गुमाउनेहरूको पीडा अनुमान गर्न गाह्रो पर्दैन । एकातिर आफन्त गुमाएका छन् भने अर्कातिर तत्कालको जिविका चलाउने आधार छैन । दुई दिन लगाएर उद्धारको काम भएपनि तत्काललाई चाहिने राहतको काम आवश्यक गतिमा हुन सकेको देखिदैन । भूकम्प गएको रात उद्धारमै बिताएका प्रभावितहरू दोस्रो दिन भयग्रस्त मनोविज्ञानमा बिताए । मृतकका आफन्तहरू शोक र भोकमा पर्न थालेको त्यहाँ पुगेर देख्नेहरूले भनिरहेका छन् । यस्तो बेला तत्काल राहत पुग्न आवश्यक छ । विशेषगरी त्रिपाल, लत्ताकपडा र खाद्यन्न त्यहाँ पुऱ्याउन आवश्यक छ । त्यसपछि पुनर्स्थापनाको व्यवस्थित योजनालाई प्राथमिकतामा राख्नुपर्छ ।

तर बिगतको हाम्रो अनुभव त्यति राम्रो छैन । ९ हजार बढी नागरिकको ज्यान जानेगरी २०७२ मा गएको महाभूकम्पको उद्धार, उपचार, राहत र पुनर्स्थापनामा असाध्यै धेरै समय लागेको थियो । अहिले पनि भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण टुंगिएको छैन । सार्वजनिक र नीजि संरचना बनिसकेका छैनन् । त्यसबेला राजधानी उपत्यकासहित मध्य नेपाल क्षतिग्रस्त बन्दा संघीय सरकार आफै हल्लिएको थियो । तर त्यो भूकम्पबाट आवश्यक शिक्षा सरकार र समुदाय कसैले पनि लिएको देखिदैन । भलै उद्धार कार्यमा स्थानीय सरकार र समुदायको भूमिका प्रशंसनीय नै छ । तर भूकम्प प्रतिरोधी संरचनाको तयारी र भूकम्पपछिको उद्धारबारे आवश्यक तयारी देखिएन । अब त्यसतर्फ कुरा गरेर तत्काललाई केही हुनेवाला छैन । तर प्रभावित क्षेत्रमा सरकारले अहिलेको भन्दा थप रफ्तारका साथ तत्काल राहत पुऱ्याउनु र व्यवस्थित पुनर्स्थापनामा ध्यान दिन आवश्यक छ ।

# किन चलिरहेछ धर्म परिवर्तन ?

अग्रलेख



● कृष्ण पौडेल

नेपाल लामो समय हिन्दु धर्म सापेक्षतामा रह्यो । हिन्दु धर्म वर्ण व्यवस्थामा आधारित धर्म हो । धर्म आफैमा शासकहरूले निर्माण गरेको भावना रूपी तरबार हो । जसलाई देखाएर सामान्य मानिसलाई सजिलै तर्साउन यसको प्रयोग भैरहेको छ । मानिसहरूलाई विभाजन गरेर एक हुन नदिनको लागि वर्ण व्यवस्था निर्माण गरियो र लागू गराइयो । लामो समय यसको अभ्यास भएको भएर यसले संस्कारको रूप ग्रहण गऱ्यो । अहिले कानूनीरूपमा वर्ण व्यवस्था अन्त्य भएको छ, तर संस्कार बनिसकेको हुनाले व्यवहारमा भने वर्ण व्यवस्था नै चलिरहेको छ । नेपालमा हिन्दुबाहेक बौद्ध र मुस्लिम धर्माबलम्बीहरूको संख्या अलि ठूलो छ । तर, यी धर्मावलम्बीहरूले नेपालमा आक्रामक प्रचार भने कहिले पनि गरेनन् ।

नेपालमा अहिले आक्रामकरूपमा फैलिरहेको धर्म क्रिश्चियन हो । जनसाङ्ख्यिक तथ्याङ्कअनुसार करिब १० प्रतिशतको अंकले यसको संख्या फैलिरहेको छ । नेपालमा वि.सं. १७०३ मा क्यापुचिन भन्ने भ्याटिकन फादर आए । उनले क्रिश्चियन मिसन लिएर आएका थिए । काठमाडौंमा क्रिश्चियन समूह बनाए । १७१५ मा क्रिश्चियन मिसनको स्थापना गरे र प्रचार गर्न थाले । १७६० मा ट्रान्क्विलिस भन्ने एकजना फादरले काठमाडौंको वोटु टोलमा एउटा चर्च बनाए । यही नै नेपालको पहिलो चर्च थियो । पछि यसको विरोध भयो र पृथ्वीनारायणको एकीकरणको बेलामा क्यापुचिन लगायत सबै क्रिश्चियन समूहहरूलाई देशनिकाला गरी क्रिश्चियनहरूलाई धर्म प्रचारमा प्रतिबन्ध लगाइयो । करिब साढे दुई सय वर्ष जति कानुनीरूपमै प्रतिबन्ध लगाइए पनि गैरकानुनीरूपमा भने विभिन्न बहानामा पसेका मिसनरीहरू क्रिश्चियानिटीको प्रचार भने गरिरहे ।

२००७ को परिवर्तनपछि धर्मप्रचार र परिवर्तन गराउन नपाउने सर्तमा सामाजिक काममा क्रिश्चियन मिसिनरिहरूलाई अनुमति दिइयो । उनीहरूले स्कुल र हस्पिटल बनाउने र अंग्रेजी भाषामा स्कुल सञ्चालन गरे । कानुनी रूपमा धर्म परिवर्तन प्रतिबन्ध हुँदा पनि भित्रिरूपमा क्रिश्चियन बनाउने काम भने रोकिएन । यस्तो हुनुमा फितलो प्रशासन यन्त्र र हिन्दु धर्मको वर्ण व्यवस्था अनि वर्ण व्यवस्थाअनुसार मानिसमाथि हुने हेलाहोँचो र थिचोमिचो मुख्य जिम्मेवार रह्यो ।

२०४६ को राजनीतिक परिवर्तनपछि मिसिनरिहरूलाई पूर्ण फुकुवा गरियो । यसपछि व्यापक धर्म परिवर्तन र चर्च निर्माण गर्ने कार्यहरू भए । २०५२ देखि माओवादी विद्रोह सुरु भयो । यो विद्रोहको समयमा पनि क्रिश्चियनहरूको मिसन बिना रोकतोक चलिरह्यो । राज्यले त रोक्ने कुरै भएन तर माओवादीहरूले किन प्रशय दिए अहिलेसम्म यसको जवाफ दिएका छैनन् ।

क्रिश्चियनहरूले नेपालमा प्रवेश पाउनु र आक्रामक वृद्धि हुनुमा मुख्य जिम्मेवार हिन्दु धर्ममा भएको वर्ण व्यवस्थालाई जान्छ । सभ्य समाजमा विचार र दर्शनलाई जबरजस्ती रोक्न सकिँदैन । गलत विचार र दर्शनलाई रोक्ने भनेको त्योभन्दा उन्नत विचार र दर्शनले हो । तर नेपालमा रहेको हिन्दु धर्म दर्शन अत्यन्त विवादित रह्यो । हिन्दु धर्मले मानिसहरूमा यस्तो गहिरो खाडल बनाइदियो कि मानिसहरू एकआपसमा एकता कायम गर्नै सकेनन् । मानिसहरूलाई जात-जातमा बाँडेर फरक-फरक हैसियत निर्माण गरिदियो । उनीहरू एउटै हैसियतमा आउन असम्भव प्रायः हुने संस्कार निर्माण गरिदियो । धार्मिकरूपमा हिन्दु नै गनिएका जातिहरू मन्दिरमा प्रवेश निषेध गरियो । धार्मिकरूपमा आस्था पनि छ, भगवानमा विश्वास छ तर, कथित भगवान बस्ने भनेर बनाइएका मन्दिरमा प्रवेश निषेध छ । एउटा आस्थावानको लागि योभन्दा दुखदायी क्षण के हुन सक्छ ? हिन्दुका विभिन्न धर्मग्रन्थमा मानिस-मानिसबिच भेद गरेर बनाइएका यति धेरै नियमहरू छन् कि ति मात्र केलाउने हो भने अर्को एउटा ग्रन्थ नै बन्छ । यसैले मानिसहरू आस्तिक हुँदाहुँदै पनि हिन्दु धर्म त्याग्ने र अर्को धर्म अँगाल्ने स्थिति निर्माण हुन पुग्यो ।

नेपालमा मसिनोगरि अध्ययन गर्दा तीन थरी क्रिश्चियनहरू पाउन सकिन्छ, धर्म परिवर्तन किन गरे भन्ने हिसाबले । पहिलो हिन्दु धर्मले गरेको विभेदको कारणले, दोस्रो आर्थिक प्रलोभनको कारणले, तेस्रो साँच्चिकै मन पराएर । यी कारण मध्ये तेस्रो कारणले धर्म परिवर्तन गर्नेहरू अत्यन्त कम छन् । यस्ता मानिसहरू बिरलै भेटिन्छन् । दोस्रो कारणले परिवर्तन गर्नेको संख्या राम्रै छ । खास गरेर ब्राह्मण र क्षेत्री समुदायबाट धर्म परिवर्तन गर्नेहरू यसमा बढी पर्छन् । खास गरेर धार्मिक नेतृत्व तहमा यी जातिहरूकै बाहुल्यता छ । अधिकांश पादरी, पाश्चरहरू ब्रामण-क्षेत्री समुदायबाट छन् भनिन्छ । जबकी यिनीहरू हिन्दु समुदायमा पनि उच्च श्रेणीमा गनिन्छन् । सबैभन्दा ठूलो मात्रामा धर्म परिवर्तन पहिलो कारणले भएको छ । त्यसैले विभेदमा पारिएका समुदाय नै क्रिश्चियन बनेका छन् ।



*क्रिश्चियनहरूले नेपालमा प्रवेश पाउनु र आक्रामक वृद्धि हुनुमा मुख्य जिम्मेवार हिन्दु धर्ममा भएको वर्ण व्यवस्थालाई जान्छ । सभ्य समाजमा विचार र दर्शनलाई जबरजस्ती रोक्न सकिँदैन । गलत विचार र दर्शनलाई रोक्ने भनेको त्योभन्दा उन्नत विचार र दर्शनले हो । तर नेपालमा रहेको हिन्दु धर्म दर्शन अत्यन्त विवादित रह्यो । हिन्दु धर्मले मानिसहरूमा यस्तो गहिरो खाडल बनाइदियो कि मानिसहरूबीच एकता कायम गर्नै सकेन ।*

पहिलो हिन्दु धर्म संस्कारले अछुत मानेका समुदाय, दोस्रो जनजाति समुदाय, तेस्रो वैश्य समुदाय भनिने नेवार जातिहरूले धर्म परिवर्तन गरेका भेटिन्छन् । काठमाडौंका नेवार समुदायभित्र पनि आफूआफूमा भेदभाव र छुवाछुत कायम छ । नेवार नै भए पनि पोडे चेमेहरू अछुतमा गनिन्छन् भने श्रेष्ठहरू सबैभन्दा उच्चमा । यही भेदभावको कारण काठमाडौंको नेवार समुदायबाट पछिल्लो कालमा निकै नै धर्मपरिवर्तनको भएको जानकारहरू बताउँछन् ।

क्रिश्चियन नै किन ? नेपालमा बौद्ध धर्मको उद्‌गम स्थल नै हो । मुस्लिम धर्मावलम्बीहरू पनि सदियौंदेखि बस्दै आएका छन् । प्रकृति पुजकहरू पनि छन् तर, यी सबै छाडेर क्रिश्चियनमै किन लागे ? यो महत्वपूर्ण प्रश्न हो । यद्यपि बौद्ध र मुस्लिम धर्ममा कुनै वर्ण व्यवस्था र उचोनिचो बनाउने संस्कारहरू छैनन् । तर पनि यी धर्ममा मध्यपहाडका जनजातिहरू केही मात्रामा लागे पनि उल्लेख्य मात्रामा परिवर्तन गर्नेहरू क्रिश्चियानिटी तिरै लागेका छन् ।

उल्लेख्य मात्रामा क्रिश्चियन धर्म अगाल्नुको मुख्य कारण प्रचार र लगानी हो । क्रिश्चियनहरू धर्म परिवर्तन गराउन प्रशस्त पैसा खर्च गर्छन् । १७औं शताब्दीदेखि नै उनीहरू नेपालमा सक्रिय छन् । प्रतिबन्धको बेला भूमिगतरूपमा पनि उनीहरूले अभियान चलाइरहेको कुरा उनीहरूकै प्रेस माध्यमबाट खुलाइएको देखिन्छ । नेपालीहरूलाई क्रिश्चियन बनाउने मिसनमा एक/दुई देशका चर्चमात्र होइन युरोप, अमेरिका र कोरियाका चर्चसमेत सामेल भएर युनाइटेड मिसन तहत काम गरिरहेका छन् ।

एउटा सानो देशमा यति धेरै चर्चहरूले काम गर्न किन जरुरी छ ? यी अभियानमा खर्च गर्ने पैसा कहाँबाट आउँछ ? नेपालीहरूलाई क्रिश्चियन बनाएबापत युरोप, अमेरिका र कोरियाका चर्चहरूलाई के फाइदा हुन्छ ? के बिना फाइदा काम गरिरहेका छन् त ? के हिन्दुहरूले गरेको भेदभावले उनीहरूको मन खाएर हो ? के क्रिश्चियानिटीमा मानिस-मानिसबिच भेदभाव थिएन वा छैन?

क्रिश्चियन धर्म जिससको नाममा आजभन्दा २००० वर्ष अगाडि स्थापना भयको हो । जुनबेला रोमन साम्राज्यको जगजगी थियो । क्रिश्चियनहरूको बाहुल्यता बढ्दै गएपछि रोमन साम्राज्यले समेत राजकीय धर्म क्याथोलिक बनाएको थियो । क्याथोलिक क्रिश्चियनकै एउटा मुख्य हाँगो हो ।

रोमन क्याथोलिक साम्राज्य दास प्रथामा आधारित थियो । हुन त दास प्रथा मुसाकै पालादेखि थियो भन्ने भनाई छ । मुसाले इजिप्टहरूले बनाएका इजरायली दासहरूलाई मुक्त गराएको कुरा उल्लेख छ । त्यतिबेला जितेको राज्यले हारेको राज्यका नागरिकहरूलाई दास बनाउने गरिन्थ्यो । पुरुषलाई काममा लगाउने कुमारी र जवान महिलालाई यौनदास बनाउने । बाँकीलाई मारेर सिध्याउने गरिन्थ्यो । यसरी दास बनाउने काम यहुदीहरूले पनि गरे । ईसापूर्व ४५० मा रोमनहरूले कानुनी संहिता बनाए । मानिसहरूलाई तीन वर्गमा विभाजन गरे- शाही परिवार, आम जनता र दासहरू । त्यसैको निरन्तरता रोमन क्याथोलिक साम्राज्यवादीहरूले नि दिए । शाही परिवारको वर्ग, यस वर्गमा राजा र उसका सन्तान अनि माथिल्लो कोटीका सम्भ्रान्तहरू पर्थे । दोस्रोमा आम जनता, यस वर्गमा धनी किसानहरू पर्दथे । मध्यम सम्भ्रान्तहरू पनि यही वर्गमा पर्दथे । तेस्रो यानि दासहरू, यी भनेका काम गर्ने वर्ग । दासहरूको काम गर्ने बाहेक कुनै भूमिका हुने थिएन । दासहरूलाई सिक्रीले बाँधेर काममा लगाइन्थ्यो । महिलाहरूलाई यौनदासी बनाइन्थ्यो । जन्मिएका बच्चालाई दासकै रूपमा किनबेच गरिन्थ्यो । दास प्रथा मानव समाजको सबैभन्दा बरबर र आततायी प्रथा मानिन्छ । मालिकहरूले दासलाई किनबेच गर्न मात्र होइन मार्न नै पाइने कानुन थियो । दास महिलाहरूले जन्माएका बच्चाको संख्या बढी भयो भने बच्चाहरूलाई अचानामा काटिन्थ्यो ।

दास व्यवस्था एकपटक विश्वभर फैलियो र धेरै लामो समय यो व्यवस्था रह्यो । रुसमा दास प्रथाबाट १९१७ मा सिधै समाजवाद स्थापना भयो । जति पनि मुलुकमा दास व्यवस्था चल्यो ति सबै मुलुक धेरै जसो क्रिश्चियन धर्मलाई राजकीय धर्म मानेका मुलुक हुन् । अहिलेसम्म खोज भएअनुसार कुनै पनि क्रिश्चियन समूह, चर्च, पोप, पादरी कसैले पनि अपवाद बाहेक आधिकारिकरूपमा दास प्रथाको विरोध गरेको इतिहास छैन । दास प्रथा दास विद्रोहबाट, कम्युनिस्टहरू र समाजवादीहरू, प्रगतिशील जनसमूह आदिको विरोध, आन्दोलन, खुनी लडाइँ र राजाहरूलाई नै काट्नेसम्मको आन्दोलनले दास प्रथा अन्त्य भएको हो ।

इतिहासबाट के बुझ्न सकिन्छ भने क्रिश्चियानिटीमा पनि मान्छे-मान्छे बिचमा विभेद थियो र छ । गएको दुई हजार वर्षको मात्र इतिहास हेर्दा हिन्दु, मुस्लिम र बौद्ध धार्मिक समुदायमा भन्दा क्रिश्चियन समुदायमा मान्छेले मान्छेमाथि गर्ने विभेद, ज्यादती, काटमार र शोषणको ग्राफ तुलनै गर्न नमिल्ने गरी माथि भएको पाउँछौ । त्यसैले क्रिश्चियानिटी अपनाएर मानव-मानवबिचमा समानता कायम हुन्छ भन्नु मुर्खता हो ।

## सामाजिक सञ्जाल



- रामेश कोइराला

०७२ को भूइँचालो र अहिलेको भूइँचालोमा उद्धार, राहत र उपचारमा सरकारको तदारुकता एवम् सफलतामा आकाश-जमिनको फरक देखियो । संघीय र स्थानीय सरकारलाई धन्यवाद ! केही त सिस्टम बन्दैछ । पुनर्निर्माणमा पनि यो फरकपनको आभास होस् ।



- कृष्ण घिमिरे

नेपालको मनिटरी पलिसी र आर्थिक नीतिमा खाल्डो छ । गभर्नर जसरी पनि त्रास सिर्जना गर्ने, सरकारको अर्थनीतिलाई परोक्षरूपमा गिजोल्ने । सरकार र अर्थमन्त्री दृष्टिकोणबिहीन कुहिरोको काग ! १/२ वटा सूचक औंल्यायो, अर्थतन्त्र सही बाटोमा लाग्यो भन्यो । अर्थतन्त्र सुधार्ने नेतृत्वको अभाव टड्कारो ।



- मदन पोखरेल

जाजरकोट भूकम्पपीडित छेत्र र जिल्लाका निम्ति अहिले सहयोगी दाताहरुद्वारा हुँदै गरेको अपार सहयोगको राशीतर्फ हेर्दा लाग्छ, त्यो जिल्ला अब पुनर्निर्माणका दृष्टिबाट धपक्कै बल्नेवाला छ- तर यथार्थमा के त्यो सबै सहयोग रकमको सही अर्थमा प्रयोग हुन सक्ला त ? प्रचुर आशंकाहरु विगतले देखाइहेछ ।



- शर्मीला आचार्य

क्यामेरा नलिई, युट्युबर नलिई, भूकम्प गएको स्थानमा जानसक्छौ त स्टन्ट बाजहरु ? रुकुमपश्चिम र जाजरकोटले भिआइपीको दर्शन खोजेको छैन, औषधोपचार, राहत उद्धार र सहयोग खोजेको छ । यतिबेला भिआइपीको प्रवेशले कठिनाई र व्यवधान उत्पन्न हुन्छ । यो राजनीतिक स्टन्ट गर्ने समय होइन ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | दिखावा गर्नु हुँदैन । शक्ति लगाएर कार्य गर्नु होला । |
| वृष : | प्रभावमा वृद्धि हुनेछ । सुखद समाचार प्राप्त हुनेछ । |
| मिथुन : | आजको दिन सामान्यरूपमा जानेछ । इच्छामाथि नियन्त्रण राख्नुहोला । |
| कर्कट : | नयाँ साथी बन्नेछन् । कर्मचारीहरुमाथि नजर राख्नुपर्छ । |
| सिंह : | शान्तिपूर्वक कार्य गर्नु होला । विरोधी परास्त हुनेछन् । |
| कन्या : | पदमा वृद्धि हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ । |
| तुला : | दाम्पत्य जीवन समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढ्नेछ । |
| वृश्चिक : | स्वास्थ्य राम्रो रहनेछ । राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ । |
| धनु : | काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ । पारिवारिक खुशी प्राप्त हुनेछ । |
| मकर : | आयमा वृद्धि हुनेछ । राजनैतिक कार्यमा रुकावट आउनेछ । |
| कुम्भ : | तनाव बढ्नेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । |
| मीन : | सम्मानमा वृद्धि हुनेछ । विद्यार्थीहरुको लागि समय राम्रो छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# भूकम्पले सिकाएको पाठ

विचार



● बिदुर दाहाल

प्राकृतिक विपद् सधैं दुःखद हुन्छ । भूकम्पबाट मर्नेहरुलाई जति रोइ कराई गरे पनि बचाउन सकिँदैन । लडेका संरचना नयाँ बनाएर उठाउन सकिन्छ । पुरानालाई ब्युँताउन सकिँदैन । त्यसो हुनाले भूकम्पबाट पाठ सिकि भविष्य सुखद बनाउन सकिन्छ । बुद्धिमानले गर्ने त्यही हो । भूकम्प आउँछ-आउँछ । यसलाई रोक्न सकिँदैन । तर, भूकम्पबाट क्षति कम गराउन सकिन्छ । यसको लागि दूरगामी सोच हुनु जरुरी छ । विज्ञानले अहिलेसम्म भूकम्पको प्रवृत्ति विश्लेषण र अनुमान गर्ने बाहेक अरु गर्न सकेको छैन, त्यसो हुँदा सावधानी र भूकम्प प्रतिरोधी संरचना निर्माण नै भूकम्पबाट बच्ने उत्तम उपाय हो ।

नेपाल भूकम्पको उच्च जोखिममा रहेको देश हो । इतिहास अध्ययन गर्दा नेपालमा पटक-पटक ठूला भूकम्प गएका छन् । काठमाडौं आसपासलाई केन्द्रबिन्दु बनाएर गएको विनाशकारी भूकम्प २०७२ अझै स्मरणमा छ । पश्चिम नेपालमा ठूलो भूकम्प नगएको पाँच सय वर्ष नाघेको छ । पश्चिम नेपालको गर्वमा व्यापक शक्ति सञ्चय भई बसेको अनुमान गर्न सकिन्छ । २०८० कात्तिक १७ को राति गएको भूकम्प ६.४ रेक्टर भूकम्प केवल सानो भाग मात्र हुनसक्छ । भूकम्पले जाजरकोट जिल्लालाई केन्द्रबिन्दु बनाउँदा जाजरकोट र पश्चिम रुकुममा व्यापक जनधनको क्षति भएको छ ।

तीन तहका सरकारको पहिलो प्राथमिकता उद्धार र राहत हो । उद्धार र राहतपछि पुनर्स्थापना जोड दिनुपर्छ । अस्थायी पुनर्स्थापनाको लागि टेन्ट, पाल र जस्तापाताको व्यवस्था तत्काल गराए पनि स्थायी संरचना बनाउँदा सरकारले ध्यान दिनु जरुरी छ । जे-जस्तो अवस्था छ । त्यसैमा पुनर्स्थापना र पुनर्निर्माण गरिनु हुन्न । यो आलेखको मुख्य उद्देश्य भूकम्प विनाशको कारण मात्र होइन; यसलाई अवसरको रूपमा परिणत गर्न सकिन्छ भन्ने आशयले प्रस्तुत गरिएको छ । बस्ती विकासको मोडल परिवर्तन गर्नुपर्छ । यो आवश्यक छ । सरकारले दूरदर्शितापूर्ण दृष्टिकोण अगाडि सार्न सकेमा यो अवसर हुनसक्छ । हालसम्म रुकुम पश्चिम र जाजरकोटमा गरी १६० जनाको मृत्यु र ३०० आसपास घाइते भएका छन् । पशु चौपाया मरेका छन् । घर लडेका छन् । भएको अन्नपात पुरिएको छ । यो जाडोमा घर बाहिर बस्नु पर्दाको पीडा कुरा गरी साध्य छैन ।

पश्चिम नेपालमा ५२० वर्षदेखि भूकम्प नआएको अवस्थामा अहिलेको सानो भूकम्पले सञ्चित शक्ति क्षय भइसकेको छैन । अझै ठूलो भूकम्प आउन सक्छ । क्षति गर्न सक्छ । त्यसैले उन्नत भूकम्प प्रतिरोधी संरचना निर्माण गरी भूकम्पबाट बच्ने उपाय खोज्नुपर्छ । मानिसको मृत्यु भूकम्पले होइन; निर्माण गरेका कमजोर संरचनाबाट भएको हो । यसबाट पाठ सिक्नुपर्छ । सिकाउनु पर्छ ।

नेपाल सरकारले काठमाडौं आसपासका दोलखा, रामेछाप, सिन्धुली, ओखलढुंगा, सिन्धुपाल्चोक, काभ्रे, भक्तपुर, ललितपुर, मकवानपुर, धादिङ, भक्तपुर, नुवाकोट, रसुवा, गोरखा, लमजुङ आदिमा भूकम्पपश्चात् जुन गल्ती गऱ्यो त्यसले विकासमा दूरगामी असर छोडेको छ । पातला र छरिएका बस्तीलाई एकीकृत बस्ती (ग्रामीण सहर) बनाउन सकिएको भए देशले काँचुली फेर्थ्यो । सरकारले मानिसलाई तीन लाख रुपैयाँ प्रति घर निर्माण गर्न खर्च गऱ्यो । यो रकमले सुरक्षित र ग्रामीण सहर निर्माण गर्न सकिन्थ्यो । जनतालाई सरकारले उपयुक्त ठाउँमा घर बनाएर दिन सक्थ्यो ।

पानी, बिजुली, प्राथमिक स्वास्थ्य, स्कुल, कलेजलगायतका सुविधा दिन सकिन्थ्यो । दीर्घकालको लागि लाभदायक हुन्थ्यो । सरकारले पश्चिम रुकुम र जाजरकोटमा पुरानो गल्ती दोहोऱ्याउन हुन्न । एकीकृत बस्ती निर्माण गरी विकासको कायापलट गर्न सकिन्छ । पातला बस्तीलाई एकीकृत गरेर विकासमा फड्को मार्न सकिन्छ । विकसित देशको अनुभव र सिकाइ उपयोग गर्न सकिन्छ । नेपाल जस्तो देशमा अव्यवस्थित पातला बस्ती विकासका लागि समस्या हो । यसको विकल्प खोज्नै पर्छ ।

एकीकृत बस्ती निर्माण गर्न सकेमा गाउँ छोड्ने क्रम रोकिन्छ । बसाइँसराइ रोकिन्छ । रोजगारी सिर्जना हुन्छ । दीर्घकालको लागि सरकारको खर्च घट्छ । एकीकृत बस्तीमा उन्नत स्तरका सुविधा दिन सकिन्छ । (शिक्षा, स्वास्थ्य, रोजगार, बिजुली, पानी, सुरक्षा आदिको राम्रो प्रबन्ध गर्न सकिन्छ । जिविकोपार्जन खेतीबाट समाज व्यवसायिक खेतीमा रूपान्तरण हुन्छ ।

भूकम्प विनाशकारी हो, त्यसले व्यापक क्षति गरेको भए पनि भविष्यमा त्यसको क्षतिपुर्ती गर्न सकिन्छ । सरकारले हतारमा २०७२ को भूकम्पका लाभग्राहीलाई आफ्नै थात थलोमा घर बनाउन दिएर गल्ती गऱ्यो । त्यो गल्ती कर्णालीमा नगरोस् । एकीकृत बस्ती निर्माण गरोस् । त्यस्ता योजना सरकारले ल्याओस् ।

# लुम्बिनी प्रदेशका तत्कालीन सचिव अधिकारीसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लुम्बिनी प्रदेशका तत्कालीन सचिव वैकुण्ठ अधिकारीसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले कृषि यान्त्रीकरणको नाममा एक करोड ३१ लाख ६० हजार रुपैयाँ भ्रष्टाचार गरेको भन्दै लुम्बिनी प्रदेशका तत्कालीन प्रदेश सचिव अधिकारीसहित चार जना विरुद्ध आइतबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

अख्तियारले अधिकारीसहित तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका महाशाखा प्रमुख श्रीधर ज्ञवाली, कृषि प्रसार अधिकृत मुकेश राम्जाली नेपाली, आधुनिक कृषि संसार र उक्त संस्थाका प्रबन्ध निर्देशक राजाराम तिवारीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।



आर्थिक वर्ष २०७५/७६ मा सञ्चालित कृषि यान्त्रिकीकरण कार्यक्रममा कृषकलाई कम गुणस्तरको कृषि उपकरण उपलब्ध गराएको भन्ने उजुरी परेपछि अख्तियारले अनुसन्धान गरेको थियो। चितवनको भरतपुरमा सञ्चालित कृषि किसान संसार प्रा.लि.नामक कम्पनीसँग तत्कालीन प्रदेश सचिव बैकुण्ठ अधिकारीले सम्झौता गरेका थिए।

अधिकारीले खरिद सम्बन्धी सम्पूर्ण कागजात अध्ययन र स्थलगत अनुगमनसमेत नगरी/नगराई भुक्तानी सम्बन्धी टिप्पणी सदर गरेर अधिकारीले सम्झौता बमोजिम गुणस्तर र ब्राण्डको वितरण गर्नुपर्ने यन्त्र उपकरणभन्दा कम गुणस्तरको र फरक ब्राण्डको मिनिटिलर खरिद र आपूर्तिकर्तालाई भुक्तानी गरी प्रदेश सरकारलाई एक ३१ करोड ६० हजार रुपैयाँ हानी नोक्सानी पुऱ्याएको आयोगको ठहर छ।

उनीहरुविरुद्ध आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम बिगो असुल उपर गर्ने र कैद सजायको मागदावी गरेको छ।

# ट्याक्टरले बोकेको बाँसमा उनिएर एक महिला गम्भीर घाइते

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १९ कात्तिक

उदयपुरमा ट्याक्टरले बोकेर ल्याइरहेको बाँसमा उनिएर एक महिला गम्भीर घाइते भएकी छिन्। त्रियुगा नगरपालिका-४ बगाहा चोकमा शनिबार जोगिदहबाट बाँस बोकेर देउरीतर्फ जाँदै गरेको स १ त २८२५ नम्बरको ट्याक्टरमा उनिएर त्रियुगा नगरपालिका -३ कि बगाहा ४ निवासी ४४ वर्षीया शारदा चौधरी गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी नायव उपरीक्षक हरिनन्दन चौधरीले जानकारी दिए। दुर्घटनामा सोही दिशातिरबाट जल्जले गईरहेको प्र.१-०५-००१प ६९११ नम्बरको मोटरसाइकलमा सवार चौधरी बाँस बोकिरहेको ट्याक्टरले आपतकालीन ब्रेक लगाउँदा सोही बाँसमा उनिएर गम्भीर घाइते भएको उनले ताए। बाँस चौधरीको पेटको दायाँ भागबाट उनिएर पछाडि पट्टीको ढाडसम्म पुगेको अस्पतालले जनाएको छ।

मोटरसाइकल चालक त्रिनपा ६ का ४० वर्षीय सलिम अलि पनि घाइते भएका छन् भने उनको जिल्ला अस्पतालमा उपचार भइरहेको छ। गम्भीर घाइते चौधरीको भने जिल्लामा प्राथमिक उपचारपश्चात विराटनगर नर्सिङ होममा आईसीयूमा राखेर उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ। ट्याक्टर र चालकलाई नियन्त्रणमा लिइ अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## Government Of Sudur Paschim Province
## Ministry Of Physical Infrastructure Development
## Urban Development And Building Office
### Rajpur, Doti

### Notice of Invitation for Online Bids

(First date of Publication: 6 November 2023)

Urban Development and Building Office Doti invites electronic bids from eligible bidders under Seal Quotation and National Competitive Bid procedures. Eligible Bidders may obtain further information at the office website, ***www.mopid.sudurpashchim.gov.np***, or the PPMO website, ***www.bolpatra.gov.np/egp***. Bidders must submit their bid electronically (for both Seal Quotation and NCB) through the National e-GP system of PPMO's website: ***www.bolpatra.gov.np/egp*** as specified in the Instruction to Bidders. However, the employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason whatsoever.

# त्रिपुरासुन्दरी र ठुली भेरी नगरपालिकाले भूकम्प पीडितलाई आर्थिक सहयोग गर्ने

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, १९ कात्तिक

डोल्पाको छिमेकी जिल्ला जाजरकोट र रुकुम पश्चिमका भूकम्प पीडितलाई त्रिपुरासुन्दरी र ठुली भेरी नगरपालिकाले आर्थिक सहयोग गर्ने भएका छन्। त्रिपुरासुन्दरी नगरपालिकाले सात लाख पचास हजार रुपैयाँ र ठुली भेरी नगरपालिकाले पाँच लाख रुपैयाँ भूकम्प पीडितलाई सहयोग गर्ने भएका हुन्।

बाला त्रिपुरासुन्दरी सांस्कृतिक महोत्सव २०८० को चौथो दिन आइतबार त्रिपुरासुन्दरी नगरपालिकाका नगर प्रमुख जनचन्द्र रोकायले हजारौं दर्शकमाझ सहयोगको घोषणा गरेका हुन्। यता ठुली भेरी नगरपालिकाका नगर प्रमुख सुवर्ण कुमार बुढा आफैं प्रत्यक्ष भूकम्प प्रभावित जिल्ला जाजरकोट पुगेर नगरपालिकाको तर्फबाट ५ लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेका हुन्।

त्रिपुरासुन्दरीका नगर प्रमुख रोकाय र नगरपालिकाको टिम जाजरकोट र रुकुम पश्चिम पुगेर सहयोग गर्ने बताइएको छ। गत १७ गते राति जाजरकोटको रामिडाँडामा केन्द्रबिन्दु बनाएर गएको भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा ठूलो जनधनको क्षति भएको छ।

### कम्पनीको नाम परिवर्तन भएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०७/२०

यस कंम्पनीको मिति २०७८/०८/१० गते सम्पन्न विशेष साधारणसभाको निर्णय तथा मिति २०७८/०९/०५ मा श्री कंम्पनी रजिष्ट्रारको कार्यालयवाट प्राप्त स्वीकृत पत्रको आधारमा यस कंम्पनीको सविकको नाम क्लेरी इन्टरइप्राइजेज कम्पनि प्रा.लि.(३६११०/०६२/०६३) परिवर्तन भई कल्लेरी इन्भेष्टमेण्ट कम्पनि प्रा.लि. रहेको साथै साविक कंम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम बुद्ध प्यालेस बैंक्वेट प्रा.लि.ले सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना

**सूचना प्रकाशित मिति :- २०८०/०७/२०**

यस गाउँपालिकाको कार्यालयबाट मिति २०८०/०६/०१ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक विद्युतिय माध्यमद्वारा पेश हुन आएका बोलपत्रहरुमध्ये मूल्याङ्कन समितिबाट न्यूनतम मूल्याङ्कित तथा सारभुत रुपमा प्रवाभग्राहि देखिएका देहाय बमोजिमको बोलपत्रदातालाई स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ बमोजिमको प्रयोजनार्थ ७ दिने सूचना सम्बन्धित सबैको जानकारिको लागि प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | बोलपत्र नं./ ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | SPRM/ABS/NCB/02/080/081 | Construction of Janajyoti Ma.Bi. Chaubis Kothe Bhawan | सनम - निर्जरा जे.भी., संखुवासभा | ८३,९१,५३४।४४ (अक्षरुपी त्रीयासी लाख एकानब्बे हजार पाँच सय चौतिस रुपैया चौवालिस पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Bids

## Triveni Municipality
## Office of Municipal Executive
### Toli, Bajura

### Invitation for Bids No: TM/NCB/WORKS/02/2080-81

**Date of publication: 2080/07/19**

1. Triveni Municipality Toli, Bajura invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction Parvati ma vi khelmaidan nd Parapat nirman under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 50,40,218.62 without VAT contingencies.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Triveni Municipality Office of Municipal Executive, Toli Bajura or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office Triveni Municipality and the office Triveni Municipality Toli, Bajura by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 3000.0/- till 2080/08/20 during office hours.

   **Or**

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp.. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank : Nepal Bank Limited Toli Branch Bajura**
   **Name of Office : Triveni Municipality Office Of Municipal Executive Toli, Bajura**
   **Office Code no. : ……………..**
   **Office Account no. : 26803000004001000001**
4. Sealed or electronic bids must be submitted to the office Triveni Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 2080/08/20 Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 2080/08/20 at the office of Triveni Municipality. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of 1,30,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission

## SAUDI मा रोजगार | १. कम्पनी :ESS CHAR GENERAL CONTRACTING EST
शहर: Jeddah

पूर्व स्वीकृत मितिः २०७९/०३/०६ चलानी नं.: ६०१८१३८५ LT. No.: 265470 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय चाकुपाट, ललितपुरमा २०८० कार्तिक २७ गते (13 November 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

### न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६०३२६, ९८०२०९६६४१, ९८४७२७५९६९

## साउदीमा रोजगारको अवसर | कम्पनी : Arabian Industrial Metal Coating Company
शहर : Al Khobar

पूर्व स्वीकृत मितिः २०८०/०७/१९ चलानी नं.: ६०२०९८१९ L.T. No.: 294728

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Spray Coating Labor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४६,०७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Seha Health Care Company कम्पनी : Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०७/१९ चलानी नं.: ६०२०९८१८ L.T. No.: 294727

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० कार्तिक २६ गते (13 Nov 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

### Fast Employment Service (P.) Ltd.
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

## Jordan मा रोजगारको अवसर | कम्पनी : MANARET AL-AQABA HOTEL
शहर: JORDAN

पूर्व स्वीकृत मितिः २०८०/०७/१९ चलानी नं.: ६०२०९८१७ LT. No.:294686

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | House Keepers | 5 | 2 | सम्बन्धित काममा दक्ष | 400 | ५३,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter (Waiters ) | 5 | 3 | सम्बन्धित काममा दक्ष | 400 | ५३,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक २७ गते (13 November 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/ कामदारले तिर्ने | रु. १०,०००/ कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

### ARABIAN CENTERS EMPLOYMENT SERVICES PVT. LTD
Gairigaun, Sinamangal-09, Kathmandu, Ph.: 01-5914527.
Email : arabianjobsnepal@gmail.com

## साउदीमा रोजगार | कम्पनी : ABDUL RAHMAN SAAD AL-RASHID & SONS COMPANY LTD
शहर: KSA

पूर्व स्वीकृत मितिः २०८०/०७/१५ चलानी नं.: ६०२०९७६२ LT. No.:294604

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कात्तिक २५ गते (11 November 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

### गोल्डेन इगल मेनपावर प्रा. लि.
श्रम ईजाजत नं.: ३९१/०५९/०६०
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com

# बाबा बैजुनाथ सुगर मिल्सद्वारा डोंगा पूजा

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १९ कात्तिक



रौतहटको कटहरिया नगरपालिका-९ डुमरियास्थित बाबा बैजुनाथ सुगर एण्ड केमिकल इण्डस्ट्रिजले उखु क्रसिङ गर्न डोंगा पूजा गरेको छ।

गत वर्षको क्रसिङ सिजन पूरा गरेर बन्द भएको उद्योगको यो वर्ष सञ्चालनका लागि मिल्सको विभिन्न पार्टपुर्जा मर्मत सम्भारको काम सम्पन्न गरी उद्योग चलाउन आइतबार शुभ मुहुर्त निकालेर वैदिक मन्त्र उच्चारण गरी डोंगा पूजा गरेका हुन्।

उद्योगको सम्पूर्ण सरसफाई र स्पेयरपार्टसको मर्मत सम्भारपछि र उद्योग सञ्चालन गर्नुअघि मिल्स प्रशासनले सिजनभर राम्ररी उद्योग सञ्चालनमा कुनै बाधा अवरोध नहोस् र राम्ररी सिजन अवधिभर उद्योग सञ्चालन होस् भन्ने उद्देश्यले मिल्स पूजा गरिएको मिल्स प्रशासनले जनाएको छ।

किसानबाट खरिद गरिएको उखु पेल्नका लागि सबैभन्दा पहिले राख्ने ठाउँलाई मिल्सको भाषामा डोंगा भन्छन्। हरेक वर्षझैं मिल सञ्चालन गर्नुअघि डोंगालाई पूजा गर्ने धार्मिक मान्यता रहेको सोही मिल्सका प्रबन्धक निर्देशक अभय प्रकाश जयसवालले बताए।

डोंगा पूजापछि सोमबारदेखि किसानहरुलाई चलान पूर्जी दिने र एक साताभित्रमा उखु पेल्ने कार्य शुरु गरिने प्रबन्धक जयसवालले बताए।

# विद्यालयमै प्रधानाध्यापक साह मृत फेला

**रामएकवाल राम/मध्यान्ह**
सिरहा, १९ कात्तिक

विद्यालयमै पासो लागेको अवस्थामा एक प्रधानाध्यापक मृत फेला परेका छन्। सिरहाको गोलबजार नगरपालिका ३ स्थित सरस्वती माध्यमिक विद्यालय तेतरिया जमदहका प्रधानाध्यपक संजिव कुमार साह आफ्नै विद्यालयमै पासो लागेको मृत अवस्थामा फेला परेको छ।

विद्यालयमा प्रधानाध्यपकको खोजी भएपनि धेरै समयसम्म फेला नपरेपछि खोज तलास गर्ने क्रममा आफ्नै विद्यालयको तेस्रो तल्लामा रहेको सभाहलमा सलमा पासो लागेको अवस्थामा उनको शव भेटिएको हो।



आइतबार बिहानै विद्यालय आएका प्रधानाध्यपक साह कार्यालय साहयोगीलाई मोबाइलको रिचार्ज कार्ड किन्न पठाएर आफू भवनको माथि जान कैची गेटको साचो मागेका थिए। आफू रिचार्ज कार्ड किनेर आएपछि प्रअलाई खोजी गर्दा नभेटेपछि कतै गएको होला भन्ने ठानेर खोजी नगरेको उनले बताए।

केहीबेरमा कैची गेटको भित्रबाट ताला लागेको देखेर अर्को साचोले खोलेर माथि जाँदा पासोमा झुण्डिएको अवस्थामा साहको शव फेला परेको त्यहाँ कार्यरत एक शिक्षकले बताए। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यलय सिरहाले जनाएको छ।

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय नारायणटार, काठमाण्डौको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८०/०७/२० गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय नारायणटार, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० मंसिर ०५ गते मंगलबार**का दिन शाखा कार्यालय नारायणटार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**ऋणीहरुको विवरण:**

१. चन्द्र बहादुर पाण्डेको नाती, बुद्धि बहादुर पाण्डे/चमेली देवी पाण्डेको छोरा, कल्पना पाण्डे (गुरुङ) को पति कास्की जिल्ला, पोखरा न.पा. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने **दीनु प्रताप पाण्डे** (ना.प्र.नं. ६०९६, जारी मिति २०४९/१२/१२, जिल्ला प्रशासन कार्यालय कास्की)।
२. पार सिंह गुरुङको नातिनी, सिहराज गुरुङ/दिल कुमारी गुरुङको छोरी, बुद्धि बहादुर पाण्डेको बुहारी, दीनु प्रताप पाण्डेको पत्नी, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने **कल्पना पाण्डे (गुरुङ)** (ना.प्र.नं. १०६०/५३५५३, जारी मिति २०६६/१२/१९, जिल्ला प्रशासन कार्यालय काठमाण्डौं)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**

१. चन्द्र बहादुर पाण्डेको नाती, बुद्धि बहादुर पाण्डे/चमेली देवी पाण्डेको छोरा, कल्पना पाण्डे (गुरुङ) को पति कास्की जिल्ला, पोखरा न.पा. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने **दीनु प्रताप पाण्डे** (ना.प्र.नं. ६०९६, जारी मिति २०४९/१२/१२, जिल्ला प्रशासन कार्यालय कास्की)।
२. पार सिंह गुरुङको नातिनी, सिहराज गुरुङ/दिल कुमारी गुरुङको छोरी, बुद्धि बहादुर पाण्डेको बुहारी, दीनु प्रताप पाण्डेको पत्नी, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने **कल्पना पाण्डे (गुरुङ)** (ना.प्र.नं. १०६०/५३५५३, जारी मिति २०६६/१२/१९, जिल्ला प्रशासन कार्यालय काठमाण्डौं)।

**लिलाम हुने सम्पत्तिको विवरण:**

१. **कल्पना पाण्डे (गुरुङ)**को नाममा मालपोत कार्यालय भैरहवामा दर्ता कायम रहेको रुपन्देही जिल्ला, हर्नेया गा.वि.स. वडा नं. १/क स्थित कित्ता नं. ७४२, ३०, २८, ७८१ र ७८२ को क्षेत्रफल क्रमश: ०-१-१.२५-०, ०-४-५-०, ०-०-६-०, ०-१-१.२५-०, र ०-२-२.५-० (बिगाह)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **कल्पना पाण्डे (गुरुङ)**को नाममा मालपोत कार्यालय भैरहवामा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आ.अमवा गा.वि.स. वडा नं. ५/ख स्थित कित्ता नं. ६५५, ५७४, ५७५, ३९८, १७६, १९७ र ४१३ को क्षेत्रफल क्रमश २-२-१-०, ०-०-५.५-०, ०-०-५.५-०, ०-०-१५-०, ०-४-१४-०, ०-०-७-० र ०-२-१६-० (बिगाह)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० मंसिर ०४ गते** भित्र बैंकको शाखा कार्यालय नारायणटार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नारायणटार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
